महालक्ष्मी नगरपालिका
MAHALAXMI MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
जितपुर, धनकुटा
JITPUR, DHANKUTA
कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL

महालक्ष्मी नगरपालिका
धनकुटा, नेपाल

पत्र संख्या (Letter No.): ०८१/०८२ (081/082)

चलानी नं. (Dispatch No.) :

नगर कार्यपालिकाको कार्यालय
जितपुर, धनकुटा
कोशी प्रदेश, नेपाल

मिति : २०८१।०४।११

## सूचना !

प्रस्तुत विषयमा प्रदेश लोक सेवा आयोग कोशी प्रदेश, विराटनगर नेपालको च.नं. २८ मिति २०८१।०४।०७ को प्राप्त पत्रमा स्थानीय सरकारी सेवा (गठन तथा सभा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम समायोजन हुँदाका वखत स्वीकृत दरवन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरवन्दीमा अस्थायी, करार नियुक्ति भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुँदाका वखतसम्म सेवा अविछिन्न रूपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सरकारी सेवाका अस्थायी, करार कर्मचारीहरूले आयोगवाट यस्ता कर्मचारीहरूका लागि निकट भविष्यमा हुने विज्ञापनको परीक्षामा सहभागी हुन इच्छुक यस नगरपालिका भित्रका कर्मचारीहरूले तपसिल वमोजिमका कागजातहरू संलग्न राखी ७ (सात) दिनभित्र निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. कर्मचारीको नाम थर
२. सेवा/समूह/उपसमूह
३. तह
४. पद
५. शुरू नियुक्ति पत्र
६. अस्थायी/करार पदमा तोकिएको अवधिसम्म अविछिन्न कार्यरत रहेको प्रमाणित कागजात
७. शैक्षिक योग्यताको कागजात

४/११

प्रेम वहादुर शाह
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

(२) उपदफा (१) विपरीत कसैले कुनै व्यक्तिलाई नियुक्ति गरेमा त्यसरी नियुक्ति पाएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्त गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

१५. <u>नियुक्ति, पदस्थापन एवम् अवकाशको निर्णय गर्ने अधिकारी:</u> (१) स्थानीय सरकारी सेवाको प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति, पदस्थापन एवम् अवकाशको निर्णय प्रमुख सचिवबाट हुनेछ। अन्य पदहरुमा नियुक्ति, पदस्थापन एवम् अवकाशको निर्णय कम्तिमा एक तह माथिको प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ। स्थानीय सरकारी सेवाको पदमा नियुक्त हुने पदभन्दा माथिल्लो तहको प्रमुख प्रशासकीय अधिकृत नभएमा उक्त निर्णय स्थानीय कार्यपालिकाबाट हुनेछ।

(२) स्थानीय सरकारी सेवाको पदमा नियुक्तिको लागि सिफारिस भई सम्बन्धित स्थानीय तहमा गएका कर्मचारीलाई नियुक्ति दिने अधिकारीले सिफारिस पत्र प्रदान गरिएको मितिबाट बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र नियुक्ति दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस लिई आएको व्यक्तिलाई नियुक्ति दिने जिम्मेवारी भएको व्यक्ति वा पदाधिकारीले नियुक्ति दिन इन्कार वा ढिला गरेमा त्यस्तो कर्मचारीलाई पर्न गएको क्षति त्यस्तो नियुक्ति दिनु पर्ने कर्मचारी वा पदाधिकारीको प्रचलित सेवा शर्त एवम् सुविधा सम्बन्धी कानूनले प्रदान गरेको सेवा सुविधाबाट भराइदिनु पर्नेछ।

१६. <u>उम्मेदवार हुनको लागि अयोग्यता:</u> देहायको व्यक्ति स्थानीय सरकारी सेवाको पदमा उम्मेदवार हुन सक्ने छैन:-



Scanned with CamScanner

(क) सहायकस्तर पाचौं तहसम्मको पदमा अठार वर्ष उमेर पूरा नभएको,

(ख) अधिकृतस्तर सातौं तह वा सोभन्दा माथिको पदमा एक्काइस वर्ष उमेर पूरा नभएको,

(ग) पुरुष उम्मेदवारको हकमा पैंतीस वर्ष र महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा चालीस वर्ष उमेर पूरा भएको र **"स्वास्थ्य सेवा" को विशेषज्ञ पदको हकमा ४५ वर्ष उमेर पुरा भएको।"**

तर,

(१) सङ्घीय निजामती सेवाका स्थायी कर्मचारी, प्रदेश निजामती सेवाका स्थायी कर्मचारी, समायोजन ऐन बमोजिम स्थानीय सरकारी सेवामा समायोजन भएका तथा यो ऐन प्रारम्भ भएपछि सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा वा स्थानीय तहको स्थानीय सरकारी सेवामा स्थायी नियुक्ति भएका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

(२) स्थानीय सरकारी सेवाको नवौं तहको पदको लागि हुने खुला प्रतियोगितामा पैंतालीस वर्ष उमेर ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

(३) स्थानीय तहमा कर्मचारी समायोजन हुँदाका वखत स्वीकृत स्थायी दरबन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी, करार नियुक्ति भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुँदाका बखतसम्म सेवामा अविछिन्न रुपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय



आन्तरिक मामिला तथा कानून मन्त्रालय, काठमाडौं

Scanned with CamScanner

सरकारी सेवाका अस्थायी, करार कर्मचारीलाई यो ऐन प्रारम्भ भएपछि प्रदेश लोक सेवा आयोगबाट एक पटकका लागि त्यस्ता कर्मचारीहरुमात्र सहभागी हुन पाउने गरी विज्ञापन प्रकाशन गरिनेछ। उक्त विज्ञापनमा उम्मेदवार हुन त्यस्ता कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

तर यस उपखण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो परीक्षामा सहभागी नभएमा त्यस्ता कर्मचारीहरुलाई स्थानीय सरकारले विशेष सुविधा दिई अवकाश दिनेछ। परीक्षामा असफल भएमा स्वीकृत दरबन्दिमा कार्यरत त्यस्ता अस्थायी, करार कर्मचारी स्वतः अवकाश हुनेछन्।

(घ) तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल नगरेको,

(ङ) भविष्यमा जुनसुकै सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(च) गैरनेपाली नागरिक,

(छ) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्ध जासूसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्त्विक वस्तु बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको, र

(ज) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको।

१७. <u>अस्थायी नियुक्ति सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश लोक सेवा आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरु मध्येबाट अस्थायी नियुक्ति



Scanned with CamScanner

अनुसूची

## महालक्ष्मी नगरपालिका, धनकुटा

## नगर कार्यपालिकाको कार्यालयको दरबन्दी तेरिज

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | अन्य सेवाबाट समायोजन हुने दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र. | | १ | | | |
| २ | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ३ | सि.डि.ई. | ९/१० | इन्जि. | सिभिल | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | | १ | | १ | |
| ५ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | | १ | | १ | |
| ६ | अधिकृत | ७/८ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ७ | जन स्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | ज.स्वा. | | १ | | १ | |
| ८ | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | | १ | | १ | |
| ९ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | | २ | | २ | |
| १० | प्रा.सं.प. सहायक | ५ | प्रशासन | लेखा | | १ | | १ | |
| ११ | प.हे.न. | ५/६ | स्वास्थ्य | क.न. | | १ | | १ | |
| १२ | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.ई. | | १ | | १ | |
| १३ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ५ | | ५ | |
| १४ | लेखापाल | ५ | प्रशासन | लेखा | | १ | | १ | |
| १५ | कम्प्युटर अपरेटर | ५ | विविध | | | १ | | १ | |
| १६ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| १७ | सब-इन्जिनियर | ५ | इन्जि. | सिभिल | | २ | | २ | |
| १८ | महिला विकास निरीक्षक | ५ | विविध | | | १ | | १ | |
| १९ | अमिन | ४ | इन्जि. | सर्भे | | १ | | १ | |
| २० | सहायक | ४ | प्रशासन | सा.प्र. | | २ | | २ | |
| २१ | स.ले.पा. | ४ | प्रशासन | लेखा | | १ | | १ | |
| २२ | सहायक महिला विकास निरिक्षक | चौथो | विविध | | | १ | | १ | |
| | कार्यालय तर्फ जम्मा | | | | | २९ | ० | २८ | |
| वडा कार्यालय (९ वटा) | | | | | | | | ० | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| २ | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ४ | | ४ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ६ | ६ | ० | |
| ४ | अ. सब-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ५ | | ५ | |
| | मुखिया | तेस्रो | प्रशासन | | | | | ० | |
| | वडा कार्यालय तर्फ जम्मा | | | | | १८ | ६ | १२ | |
| | कुल जम्मा | | | | | ४७ | ६ | ४० | |

नोट: कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचनानुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ ।

संगठन संरचना भित्र नपरेका सरसफाई, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालन, नगर प्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्तो पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।

स्थानीय तहमा समायोजन भएका का.स.अ.टे. चौथो र पाँचौ कर्मचारीहरुलाई निजहरुको शैक्षिक योग्यता समेतको आधारमा सब-ई., अ.स.ई. वा प्र.स. को पदमा कामकाज लगाउन सकिनेछ ।

यस दरबन्दी भन्दा बाहेक नगरपालिकाका स्थायी कर्मचारीहरुले नगरपालिकाले खटाए बमोजिमको काम गर्नु पर्ने छ ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सामान्य प्रशासन)
सिंहदरबार, काठमाडौं

सचिव